# बागमती नगरपालिकाको

# स्थानीय राजपत्र

## बागमती नगरपालिकाद्धारा प्रकाशित

खण्डः ९ संख्याः १५ मिति : ३० कात्तिक २०८२ साल


भाग-१

## बागमती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कर्मैया, सर्लाही
## मधेश प्रदेश नेपाल

बागमती नगरपालिकाको नगर कार्यपालिकाले निम्न लेखिए बमोजिमको (बागमती नगरपालिका उद्यमी प्रवर्द्धन केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२) सर्वसाधारणहरुको जानकारीको लागि प्रकाशित गरिएको छ ।

संवत् २०८२ सालको कार्यविधि नं.१५

# बागमती नगरपालिका उद्यमी प्रवर्द्धन केन्द्र सचालन तथा व्यवस्थापन कार्यविधि, २०८२

**नगरसभाबाट पारित मिति २०८२/०९/२८**

## प्रस्तावना

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा बागमती नगरपालिकाको नीतिगत व्यवस्था बमोजिम उद्यमशीलता प्रवर्द्धन, स्वरोजगार सृजना र आर्थिक विकासलाई गति दिने उद्देश्यले उद्यमी प्रवर्द्धन केन्द्र स्थापना गर्ने आवश्यकता रहेको छ। नवीन विचार, सिर्जनशीलता, सीप र प्रविधिको प्रयोग गरी व्यवसाय स्थापना गर्न इच्छुक नवउद्यमी र तीव्र वृद्धिको सम्भावना भएका गतिप्रदायकलाई सहजीकरण गर्ने, आवश्यक तालिम, परामर्श, सीप विकास, वित्तीय पहुँच र बजार विस्तार उपलब्ध गराउने, र नगरपालिकाभित्र मात्र नभई देशभरका युवाहरूलाई उद्यमशीलताको अवसर दिने हेतुले यो कार्यविधि तयार गरिएको हो।

यस कार्यविधिको माध्यमबाट नगरपालिका स्तरमै उद्यम प्रवर्द्धनका लागि आवश्यक पूर्वाधार र सेवा प्रवाह सुनिश्चित गरिनेछ, जसबाट उत्पादनशीलता अभिवृद्धि, रोजगारी सृजना, स्थानीय स्रोतको उपयोग र उद्यमशीलताको दिगोपनामा टेवा पुग्नेछ।

### परिच्छेदः१
### प्रारम्भिक

१. **संक्षिप्त नाम, र प्रारम्भः** **(१)** यस ऐनको नाम "**बागमती नगरपालिका उद्यमी प्रवर्द्धन केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२**" हुनेछ।

(२) यो कार्यविधि बागमती नगरपालिकाको नगरसभाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

(३) यस कार्यविधि लागू भएसँगै केन्द्र स्थापना, सञ्चालन तथा व्यवस्थापनसम्बन्धी सम्पूर्ण प्रक्रिया यसै अनुसार हुनेछ।

२. **परिभाषा** :यस कार्यविधिमा प्रयोग भएका शब्द र पदावलीको अर्थ देहाय अनुसार रहनेछः

क. **"केन्द्र"** भन्नाले बागमती नगरपालिका अन्तर्गत स्थापना हुने उद्यमी प्रवर्द्धन केन्द्रलाई जनाउँछ।

ख. **"कार्यक्रम"** भन्नाले उद्यम स्थापना, सञ्चालन र व्यवस्थापन गर्न आवश्यक पर्ने उद्यमशीलता तालिम, सीप विकास, व्यवसाय परामर्श, मेन्टरिङ, एक्सिलेरेसन, बजार र वित्तीय पहुँचसँग सम्बन्धित क्रियाकलापलाई जनाउँछ।

ग. **"नवउद्यम (Startup)"** भन्नाले सुरुवाती चरणमा नवीन विचार, प्रविधि वा सिर्जनशीलताको प्रयोग गरी वस्तु वा सेवा उत्पादन गर्ने सम्भावनायुक्त उद्यमलाई जनाउँछ

घ. **"गतिप्रदायक (Accelerator)"** भन्नाले पहिले नै सञ्चालनमा आएका तर तीव्र वृद्धिको सम्भावना भएका उद्यमलाई थप सशक्त बनाउनका लागि दिइने कार्यक्रम वा सहयोगलाई जनाउँछ।

ङ. **"प्रशिक्षक (Mentor)"** भन्नाले उद्यमशीलता, व्यवसाय विकास, वित्तीय व्यवस्थापन वा सम्बन्धित प्राविधिक क्षेत्रमा दक्ष विज्ञ, जसले प्रशिक्षार्थी उद्यमीलाई मार्गदर्शन र सहयोग गर्ने गर्दछ।

च. **"प्रशिक्षार्थी उद्यमी"** भन्नाले केन्द्रमा छनौट भई इनक्युबेसन अवधिमा तालिम, परामर्श वा सेवा लिने उद्यमीलाई जनाउँछ।

छ. **"समिति"** भन्नाले यस कार्यविधि बमोजिम गठन हुने उद्यमी प्रवर्द्धन केन्द्र सञ्चालक समितिलाई जनाउँछ।

ज. **"साझेदार संस्था"** भन्नाले केन्द्र सञ्चालन वा सेवाको व्यवस्थापनमा संलग्न हुन नगरपालिका वा समितिबाट छनौट गरिने सरकारी, प्राज्ञिक, निजी, सहकारी वा गैरसरकारी संस्थालाई जनाउँछ।

झ. **"नगरपालिका युवा"** भन्नाले बागमती नगरपालिकाभित्र स्थायी ठेगाना रहेका १८–४५ वर्ष उमेर समूहका युवालाई जनाउँछ।

ञ. **"आरक्षण"** भन्नाले केन्द्रमा प्रत्येक वर्ष हुने नयाँ उद्यमी इन्टेकमध्ये कम्तीमा २५ प्रतिशत सिट बागमती नगरपालिकाका युवाका लागि छुट्याइने व्यवस्थालाई जनाउँछ।

ट. **"अनुसूची"** भन्नाले यस कार्यविधिसँग संलग्न फाराम, सूचना ढाँचा, सम्झौता ढाँचा तथा मूल्याङ्कन मापदण्डलाई जनाउँछ।

## परिच्छेद-२

## उद्देश्य र केन्द्रको स्थापना

**३. उद्देश्य :** यस कार्यविधिको उद्देश्य देहाय अनुसार रहनेछः

क. नवीन तथा सिर्जनशील विचार भएका युवालाई उद्यमशीलतामा प्रोत्साहन गर्ने।

ख. उद्यम प्रारम्भ गर्न आवश्यक पर्ने तालिम, सीप विकास, परामर्श, व्यवसाय योजना निर्माण र कानुनी सहजीकरण गर्ने।

ग. उद्यमीलाई वित्तीय संस्थासँग आवद्ध गरी पूँजी तथा लगानी पहुँच सुनिश्चित गर्ने।

घ. बजार पहुँच, ब्रान्डिङ, प्रविधि हस्तान्तरण, अनुसन्धान र नवप्रवर्तनमा सहयोग पुऱ्याउने।

ङ. रोजगारी सिर्जना गरी स्थानीय आर्थिक विकासमा योगदान पुऱ्याउने

च. नगरपालिका भित्र मात्र नभई देशभरका युवालाई अवसर उपलब्ध गराउने तर समावेशीकरणका आधारमा २५% सिट नगरपालिका युवाका लागि आरक्षित गर्ने।

छ. प्रारम्भिक चरणमा पाइलट कार्यक्रम सञ्चालन गरी उद्यम प्रवर्द्धनको प्रभावकारिता परीक्षण गर्ने र त्यसको आधारमा पूर्ण सुविधायुक्त भवनमार्फत दीर्घकालीन रूपमा १०० भन्दा बढी उद्यमीलाई इनक्युबेसन गर्ने।

## ४. केन्द्रको स्थापना :

क. केन्द्र बागमती नगरपालिकाको संरचनामा स्थापना गरिनेछ।

ख. प्रारम्भिक चरणमा १० जना उद्यमीलाई छनौट गरी नगरपालिका सभाहल तथा परिसरमा कार्यक्रम सञ्चालन गरिनेछ।

ग. पूर्ण—सुविधायुक्त चरणमा कम्तीमा १०० उद्यमीलाई समेट्ने भवन निर्माण गरिनेछ, जसमा कार्यालय, तालिम कक्ष, बैठक हल, को—वर्किङ स्पेस, मेकर्सपेस, प्रयोगशाला, इन्टरनेट, क्यान्टिन, आवास कक्ष तथा पार्किङ जस्ता पूर्वाधार उपलब्ध गराइनेछ।

घ. केन्द्रमा आवश्यक परामर्शदाता, प्रशिक्षक, व्यवसाय विकास विज्ञ, प्राविधिक सहायक र प्रशासनिक कर्मचारी नियुक्त वा करारमार्फत व्यवस्थापन गरिनेछ।

ङ. केन्द्र सञ्चालनका लागि नगरपालिका बजेट, दातृ निकाय, निजी क्षेत्र, सहकारी, गैरसरकारी संस्था र विकास साझेदारसँग सहकार्य गरिनेछ।

च. केन्द्रले प्रत्येक वर्ष नयाँ उद्यमीलाई इन्टेक गर्नेछ र इन्टेक संख्या न्यूनतम १०० रहनेछ।

## परिच्छेद-३

## संरचना तथा व्यवस्थापन

## ५. सर्वोच्च निकाय

क. केन्द्रसम्बन्धी नीतिगत, संरचनागत र दीर्घकालीन निर्णय गर्ने सर्वोच्च निकाय बागमती नगरकार्यपालिका हुनेछ।

ख. कार्यपालिकाले केन्द्रको स्थापना, सञ्चालन, वित्तीय स्रोत परिचालन तथा अनुगमन मूल्याङ्कनसम्बन्धी प्रमुख नीतिगत निर्णय गर्नेछ।

## ६. सञ्चालक समिति

क. केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि **उद्यमी प्रवर्द्धन केन्द्र सञ्चालक समिति** गठन गरिनेछ।

ख. समिति गठनको स्वीकृति नगरपालिका कार्यपालिकाबाट हुनेछ।

ग. समितिको संरचना

१. **अध्यक्ष्य** – नगर प्रमुख

२. **उपाध्यक्ष** — नगर उपप्रमुख

३. **सदस्य-** प्रमुख प्रशासकीय अधिकृत

४. **सदस्य** — उधोग हेर्ने कर्मचारी(शाखा प्रमुख)

५. सदस्य —गैर सरकारी सँस्था,दातृ निकाय वा सहयोगी संस्था(अधिकतम ५ जना)

६. सदस्य-प्रदेश सरकारक प्रतिनिधि

७. सदस्य-संघीय सरकारका प्रतिनिधि

८. सदस्य सचिव-केन्द्र प्रमुख

## ७. समितिको काम,कर्तव्य र अधिकार

क. केन्द्रको सञ्चालन तथा व्यवस्थापन गर्ने।

ख. वार्षिक कार्ययोजना, बजेट तथा गतिविधि स्वीकृत गर्ने।

ग. उद्यमी छनौटका लागि मापदण्ड निर्धारण गर्ने।

घ. साझेदार संस्था वा दातृ निकायसँग सहकार्य गर्ने तथा सम्झौता गर्ने।

ङ. सेवा शुल्क निर्धारण गर्ने र पारदर्शी वित्तीय व्यवस्थापन गर्ने।

च. कार्यक्रम, तालिम, परामर्श र अनुसन्धान गतिविधिलाई व्यवस्थित गर्ने।

छ. उद्यमी प्रवर्द्धनका लागि विज्ञ, परामर्शदाता तथा प्रशिक्षकको सूची तयार गर्ने।

ज. कार्यक्रमको अनुगमन, मूल्याङ्कन र प्रतिवेदन व्यवस्थापन गर्ने।

झ. आवश्यक परे उपसमिति वा कार्यदल गठन गर्ने।

ञ. केन्द्र सञ्चालन तथा व्यवस्थापनमा देखिएका चुनौतीहरूको समाधान गर्ने।

## परिच्छेद -४

## पूर्वाधार र सेवा व्यवस्था

८. **भौतिक पूर्वाधार** : केन्द्रले उद्यमीलाई व्यवसाय प्रवर्द्धन गर्न आवश्यक पर्ने निम्न भौतिक पूर्वाधार उपलब्ध गराउनेछः

क. **कार्यालय कक्ष** – प्रशासनिक कार्य, परामर्श तथा व्यवस्थापनका लागि।

ख. **प्रशिक्षण तथा कार्यशाला हल** – तालिम, कार्यशाला, सेमिनार तथा अन्तरक्रियात्मक कार्यक्रम सञ्चालनका लागि।

ग. **बैठक कक्ष** – अन्तरसंवाद, प्रस्तुति तथा लगानीकर्ता भेटघाटका लागि।

घ. **को—वर्किङ स्पेस** – उद्यमीहरूलाई साझा कार्यस्थल उपलब्ध गराउन।

ङ. **मेकर्सपेस/प्रयोगशाला** – प्रोटोटाइप विकास, परीक्षण तथा नयाँ विचारलाई मूर्तरूप दिन आवश्यक उपकरण (जस्तै 3D प्रिन्टर, फेब्रिकेसन उपकरण)।

च. **सूचना प्रविधि पूर्वाधार** – कम्प्युटर, प्रिन्टर, स्क्यानर, प्रोजेक्टर, उच्च गतिको इन्टरनेट।

छ. **आवासीय सुविधा** – बाहिरका सहभागी उद्यमीका लागि छात्रावास वा बसोबासको व्यवस्था।

ज. **क्यान्टिन तथा सरसफाइ** – खानपान, स्वच्छ पानी, सरसफाइ सुविधा।

झ. **पार्किङ स्थल** – उद्यमी, प्रशिक्षक तथा आगन्तुकका लागि।

९. **उपलब्ध गराइने सेवाहरूः**केन्द्रले प्रशिक्षार्थी उद्यमीलाई देहायका सेवाहरू उपलब्ध गराउनेछः

क. **उद्यमशीलता तथा सीप विकास तालिम** – व्यवसाय सुरु गर्न आवश्यक ज्ञान र सीप।

ख. **व्यवसायिक परामर्श र मेन्टरिङ** – विषयगत विज्ञद्वारा निरन्तर परामर्श।

ग. **व्यवसाय योजना निर्माण र सुधार** – वित्तीय प्रक्षेपण, बजार अध्ययन तथा रणनीति निर्माण।

घ. **कानुनी तथा प्रशासनिक सहजीकरण** – उद्यम दर्ता, कर प्रणाली, बौद्धिक सम्पत्ति दर्ता आदिमा सहयोग।

ङ. **वित्तीय पहुँच** – बैंक, सहकारी, भेञ्चर क्यापिटल, निजी इक्विटी, दातृ निकायसँग सहजीकरण।

**च. बजार प्रवर्द्धन** – बजार पहुँच, ब्रान्डिङ, प्रदर्शनी, मेलामा सहभागिता, डिजिटल प्लेटफर्ममा पहुँच।

**छ. प्रोटोटाइप विकास तथा परीक्षण** – नवीन उत्पादन वा सेवा परीक्षण गर्न आवश्यक सहयोग।

**ज. अवलोकन भ्रमण** – सफल उद्यम, उद्योग वा बजारसँग जोड्ने अध्ययन भ्रमण।

**झ. अनुसन्धान तथा नवप्रवर्तन समर्थन** – नयाँ विचार र प्रविधि प्रयोगमा सहयोग।

**ञ. नेटवर्किङ सुविधा** – लगानीकर्ता, उद्यमी, अनुसन्धानकर्ता र नीतिनिर्माताबीच सहकार्य।

## परिच्छेद -५

## उद्यमी छनोट, इन्टेक प्रक्रिया र आरक्षण व्यवस्था

### १०. इन्टेक संख्या

**क.** केन्द्रले प्रत्येक आर्थिक वर्षमा न्यूनतम १०० जना नयाँ उद्यमीलाई इन्टेक गर्नेछ।

**ख.** प्रारम्भिक परिक्षण चरणमा १० जना उद्यमीलाई समावेश गरी कार्यक्रम सञ्चालन गरिनेछ।

### ११. आवेदन र छनोट प्रक्रिया

क. केन्द्रले वार्षिक रूपमा सार्वजनिक सूचना प्रकाशित गरी उद्यमी छनोटका लागि आवेदन आह्वान गर्नेछ।

ख. आवेदन फाराम यस कार्यविधिसँग संलग्न अनुसूची १अनुसार रहनेछ।

ग. आवेदन विद्युतीय माध्यम वा सोझै पेश गर्न सकिनेछ।

घ. छनोटका लागि समितिबाट गठित **उद्यमी मूल्याङ्कन उपसमिति** रहनेछ।

ङ. छनोटमा देहायका आधारलाई प्राथमिकता दिइनेछः

१.उद्यम योजना वा व्यावसायिक अवधारणा

२. नवीनता र सिर्जनशीलता

३. स्तरोन्नति वा तीव्र वृद्धिको सम्भावना

४. सम्भावित बजार र उपभोक्तामा पर्ने प्रभाव

५. आवेदकको सीप, अनुभव वा योग्यता

### १२. आरक्षण व्यवस्था

**क.** केन्द्र देशभरका युवाका लागि खुला रहनेछ।

**ख.** समावेशीकरण र स्थानीय युवाको सहभागिता सुनिश्चित गर्न कुल इन्टेकमध्ये **२५% सिट बागमती नगरपालिकाका युवाका लागि आरक्षित** हुनेछ।

**ग.** आरक्षित सिटमा पर्याप्त योग्य आवेदक नपाइए बाँकी सिटलाई खुला प्रतिस्पर्धाबाट लिन सकिनेछ।

## १३. इनक्युबेसन अवधि

**क.** केन्द्रमा छनौट भएका उद्यमीले २ (दुई) देखि ३ (तीन) वर्षसम्म इनक्युबेसन सेवाहरू पाउनेछन्।

**ख.** सो अवधिभित्र उद्यमीले व्यवसायिक योजना तयार गरी कार्यान्वयनमा ल्याउनु पर्नेछ।

**ग.** निर्धारित अवधिभन्दा बढी समय आवश्यक परेमा, समितिको निर्णयमा अवधि थप्न सकिनेछ।

**घ.** व्यवसायिक लक्ष्य सफलतापूर्वक हासिल भएमा उद्यमीलाई केन्द्रबाट सफल भएको घोषित गरी स्वतन्त्र रूपमा सञ्चालनमा जान प्रोत्साहित गरिनेछ।

# परिच्छेद-६

# साझेदार संस्था छनोट, सम्झौता र दायित्व

## १४. प्रस्ताव आह्वान

**क.** केन्द्र सञ्चालन तथा व्यवस्थापनमा संलग्न हुन इच्छुक साझेदार संस्थाबाट प्रस्ताव आह्वान गरिनेछ।

**ख.** प्रस्ताव आह्वान गर्न कम्तीमा २१ (एक्काइस) दिनको अवधि दिई राष्ट्रियस्तरको दैनिक पत्रिका तथा विद्युतीय माध्यममार्फत सूचना प्रकाशित गरिनेछ।

**ग.** सूचना र प्रस्ताव फाराम यस कार्यविधिसँग संलग्न अनुसूची—२ र अनुसूची—३ बमोजिम हुनेछ।

**१५. प्रस्ताव पेश गर्ने कागजातः** साझेदार संस्थाले देहायका कागजात संलग्न गरी प्रस्ताव पेश गर्नुपर्नेछः

क. संस्था दर्ता प्रमाणपत्र तथा नवीकरणको प्रतिलिपि।

ख. विधान वा प्रबन्धपत्र र नियमावली।

ग. स्थायी लेखा नम्बर (PAN) र कर चुक्ता प्रमाणपत्र।

घ. अघिल्लो आ.व. को लेखापरीक्षण प्रतिवेदन।

ङ. संस्थाको संगठन संरचना तथा कम्तीमा ३ वर्षको अनुभव विवरण।

च. कार्यक्रम सञ्चालनसम्बन्धी विस्तृत व्यवसायिक योजना।

छ. कबुलियतनामा (अनुसूची—४ अनुसार)

## १६. प्रस्ताव मूल्याङ्कन

**क.** प्राप्त प्रस्ताव मूल्याङ्कनका लागि **प्रस्ताव मूल्याङ्कन समिति** गठन गरिनेछ।

**ख.** मूल्याङ्कनका आधारः

१.उद्यमशीलता तथा व्यवसाय विकासमा अनुभव।

२. दक्ष जनशक्ति तथा विज्ञहरूको उपलब्धता।

३. कार्यक्रमका लागि आवश्यक भौतिक पूर्वाधार।

४. कार्ययोजना र प्रस्तुतिकरणको गुणस्तर।

५. वित्तीय स्रोत परिचालन गर्ने क्षमता।

६. समावेशिता र दिगोपनाप्रतिको प्रतिबद्धता।

**ग.** उच्चतम अंक प्राप्त संस्थालाई छनोट गरिनेछ।

## १७. सम्झौता

**क.** छनोट भएका साझेदार संस्थासँग बढीमा ५ (पाँच) वर्षको अवधिको लागि सम्झौता हुनेछ।

**ख.** सम्झौता ढाँचा यस कार्यविधिसँग संलग्न अनुसूची—५ बमोजिम हुनेछ।

**ग.** सम्झौतामा भूमिका, दायित्व, आचारसंहिता, प्रतिवेदन, शुल्क, विवाद समाधान र अवधि स्पष्ट हुनेछ।

**घ.** सम्झौता अवधि सकिएपछि कार्यसम्पादनको मूल्याङ्कनका आधारमा नवीकरण गर्न सकिनेछ।

## १८. साझेदार संस्थाको दायित्व

क. उद्यमी छनौट प्रक्रिया सहज बनाउन सहयोग गर्ने।

ख. उद्यमशीलता र सीप विकास तालिम सञ्चालन गर्ने।

ग. प्रशिक्षक (Mentor) उपलब्ध गराउने र मेन्टरशिप कार्यक्रम सञ्चालन गर्ने।

घ. वित्तीय संस्था, लगानीकर्ता तथा बजारसँग उद्यमीलाई जडान गर्ने।

ङ. अनुसन्धान तथा नवप्रवर्तनका गतिविधि प्रोत्साहन गर्ने।

च. केन्द्रको प्रशासनिक कार्यमा सहयोग गर्ने।

छ. अनुगमन तथा मूल्याङ्कन प्रक्रिया सुनिश्चित गर्ने।

ज. सम्झौतामा तोकिएका शर्त र जिम्मेवारी इमान्दारीपूर्वक पालना गर्ने।

# परिच्छेद-७

## अनुगमन, मूल्याङ्कन र प्रतिवेदन व्यवस्था

## १९. अनुगमन

**क.** केन्द्र सञ्चालन र सेवाप्रवाहको प्रभावकारिता सुनिश्चित गर्न नियमित अनुगमन गरिनेछ।

**ख.** अनुगमनको जिम्मेवारी **सञ्चालक समिति** र नगरपालिकाले गर्नेछन्।

**ग.** आवश्यक परे बाह्य विज्ञ वा परामर्शदाता मार्फत अनुगमन गर्न सकिनेछ।

**घ.** अनुगमनका क्रममा कार्यक्रमको गुणस्तर, सहभागी उद्यमीको प्रगति, वित्तीय व्यवस्थापन र पारदर्शिता विशेष रूपमा हेर्ने गरिनेछ।

## २०. मूल्याङ्कन

क. केन्द्रको गतिविधि, सेवा र परिणामको वार्षिक मूल्याङ्कन गरिनेछ।

ख. मूल्याङ्कनका सूचकहरू (KPIs) यस प्रकार रहनेछन्—

१. हरेक वर्ष इन्टेक भएका उद्यमीको संख्या।

२. उद्यमीको स्नातक/पूर्णता दर।

३. उद्यम दर्ता भएका व्यवसायहरूको संख्या।

४. रोजगारी सिर्जना संख्या।

५. लगानी प्राप्तिको प्रतिवद्धता र स्रोत परिचालनको सुनिश्चिता।

६. महिला, दलित, आदिवासी जनजाति, अपांगता भएका व्यक्तिहरूको सहभागिता दर।

७. केन्द्रबाट बाहिरिएका व्यवसायहरूको दिगोपनाको दर (Survival Rate)।

ग. मूल्याङ्कन प्रतिवेदन समितिले तयार गरी कार्यपालिकामा पेश गर्नेछ।

## २१. प्रतिवेदन

**क.** साझेदार संस्था वा कार्यान्वयन निकायले अर्धवार्षिक र वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेछ।

**ख.** प्रतिवेदनमा निम्न बिषय समावेश गर्नुपर्नेछ—

१. तालिम, परामर्श र कार्यक्रमहरूको विवरण।

२. सहभागी उद्यमीहरूको प्रगति विवरण।

३. वित्तीय आय—व्यय विवरण।

४. उपलब्धि र चुनौतीहरूको सारांश।

५. आगामी वर्षका लागि सिफारिस र सुझाव।

**ग.** प्रतिवेदन नगरपालिका कार्यपालिकामा पेश गरी सार्वजनिक गर्न सकिनेछ।

## परिच्छेद-८

# विविध

## २२. दोहोरो सुविधा निषेध

**क.** यस कार्यविधिबमोजिम केन्द्रमा इन्टेक भई सुविधा प्राप्त गरेका उद्यमीले उही प्रकृतिको सुविधा पुनः प्राप्त गर्ने अधिकार पाउने छैनन्।

**ख.** तर, नयाँ व्यवसायिक अवधारणा वा विशेष परिस्थिति देखिएको अवस्थामा सञ्चालक समितिको निर्णयमा दोहोरिएको सहभागिता अनुमति दिन सकिनेछ।

**२३. आचारसंहिता :** केन्द्रमा सहभागी उद्यमीले देहायका आचारसंहिताहरू पालना गर्नुपर्नेछः

**क.** तोकिएको तालिका, तालिम तथा कार्यक्रममा अनिवार्य उपस्थित हुनु पर्नेछ।

**ख.** केन्द्रका भौतिक पूर्वाधार र उपकरणहरूको संरक्षण र सदुपयोग गर्नु पर्नेछ।

**ग.** प्रशिक्षक, परामर्शदाता, लगानीकर्ता तथा अन्य उद्यमीसँग सभ्य र व्यावसायिक व्यवहार गर्नु पर्नेछ।

**घ.** केन्द्र परिसरमा जातीय, धार्मिक, साम्प्रदायिक र राजनीतिक गतिविधि गर्न पाईने छैन।

**ङ.** तालिम वा कार्यक्रम अवधिमा अनुचित कारणविना बीचमै छोडेर जान पाइने छैन।

**च.** व्यवसायिक प्रगति, उपलब्धि र चुनौतीहरूबारे नियमित रूपमा प्रतिवेदन पर्नेछ।

## २४. विवाद समाधान

**क.** केन्द्रको सञ्चालन वा साझेदार संस्थासँग सम्बन्धित विवाद उत्पन्न भएमा पहिलो चरणमा सञ्चालक समितिमा छलफल गरी समाधान खोजिनेछ।

**ख.** समिति मार्फत समाधान नभएमा नगरपालिका कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

**ग.** प्रचलित कानुनमा तोकिएको व्यवस्था यस कार्यविधिमा उल्लेख नभएका विषयमा लागू हुनेछ।

**२५. संशोधन :** आवश्यकताअनुसार यस कार्यविधिमा संशोधन वा परिमार्जन गर्ने अधिकार बागमती नगरपालिका कार्यपालिकामा हुनेछ।

अनुसूची—१

# साझेदार संस्था आह्वानको सूचना (ढाँचा)

**सूचना प्रकाशन मितिः** ......

बागमती नगरपालिका उद्यमी प्रवर्द्धन केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ बमोजिम केन्द्र सञ्चालनका लागि इच्छुक साझेदार संस्थाबाट प्रस्ताव आह्वान गरिन्छ। इच्छुक संस्थाले तल उल्लेखित कागजात संलग्न गरी २१ दिनभित्र प्रस्ताव पेश गर्न सक्नेछन्।

**पेश गर्नुपर्ने कागजातहरूः**

१. संस्था दर्ता प्रमाणपत्र (नवीकरणसहित)
२. विधान वा प्रबन्धपत्र र नियमावली
३. स्थायी लेखा नम्बर (PAN) तथा कर चुक्ता प्रमाणपत्र
४. अघिल्लो आ.व. को लेखापरीक्षण प्रतिवेदन
५. संगठन संरचना र कम्तीमा ३ वर्षको अनुभव विवरण
६. विस्तृत व्यवसायिक कार्ययोजना
७. कबुलियतनामा (अनुसूची—३ अनुसार)

# अनुसूची—२

## साझेदार प्रस्ताव फाराम (ढाँचा)

- संस्थाको नाम :
- ठेगाना :
- सम्पर्क व्यक्ति :
- फोन नं. :
- इमेल :
- संस्था दर्ता नं. :
- कार्यानुभव :
- संलग्न कागजात : □ संस्था दर्ता □ विधान □ कर प्रमाणपत्र □ लेखापरीक्षण प्रतिवेदन □ अनुभव विवरण □ कार्ययोजना □ कबुलियतनामा

**दस्तखत**

नामः ——

पदः ——

मितिः ——

# अनुसूची—३

## कबुलियतनामा (Undertaking)

हामीले बागमती नगरपालिका उद्यमी प्रवर्द्धन केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ अन्तर्गत साझेदार संस्था बन्नका लागि पेश गरेको कार्ययोजना बमोजिम काम गर्ने प्रतिबद्धता गर्दछौं। केन्द्रमार्फत प्राप्त अनुदान, ऋण वा अन्य सुविधा केवल कार्ययोजनामा तोकिएको उद्देश्यका लागि मात्र प्रयोग गर्नेछौं।

नामः ——

पदः ——

संस्थाको नामः ——

दस्तखतः ——

मितिः ——

# अनुसूची—४

## सम्झौता ढाँचा (साझेदार संस्थासँग)

**पक्ष—१:** बागमती नगरपालिका
**पक्ष—२:** साझेदार संस्था

यस सम्झौताअनुसारः
१. पक्ष—२ ले केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्नेछ।
२. पक्ष—१ ले आवश्यक सुविधा र स्रोत उपलब्ध गराउनेछ।
३. सम्झौताको अवधि बढीमा ५ वर्ष हुनेछ।
४. कार्य सम्पन्न नगरे वा सम्झौता उल्लङ्घन गरे कानुनी कारबाही हुनेछ।
५. विवाद समाधान नगरपालिका कार्यपालिकाको निर्णयमा हुनेछ।

**पक्ष—१ को तर्फबाट**
नामः ——
पदः ——
मितिः ——

**पक्ष—२ को तर्फबाट**
नामः ——
पदः ——
मितिः ——

# अनुसूची—५

## प्रशिक्षार्थी उद्यमी आवेदन ढाँचा

- नाम :
- ठेगाना :
- उमेर :
- सम्पर्क नं. :
- इमेल :
- नागरिकता नं. :
- प्रस्तावित उद्यमको विवरण :
- व्यावसायिक योजना संलग्न :
- स्वघोषणा (आचारसंहिता पालन गर्ने) :
- उधमको क्षेत्र

**दस्तखतः** ............
**मितिः** ............

# अनुसूची—६

## प्रशिक्षार्थी उद्यमी मूल्याङ्कनका आधार

पूर्णाङ्कः १००

१. उद्यम/योजना विवरण (२०)
२. नवीनता र सिर्जनशीलता (२०)
३. स्तरोन्नति वा वृद्धिको सम्भावना (२०)
४. बजार प्रभाव वा उपभोक्ता लाभ (२०)
५. आवेदकको सीप, योग्यता वा अनुभव (२०)

**नोटः** आरक्षण अनुसार २५% सिट बागमती नगरपालिकाका युवालाई प्रदान गरिनेछ।

**प्रमाणीकरण मिति २०८२/०९/२९**

**आज्ञाले**
**श्री प्रतीत भण्डारी**
**प्रमुख प्रशासकिय अधिकृत**